# १. श्री सिद्धिचरण श्रेष्ठ

*[संवत् २०२८ सालको 'मदन पुरस्कार' 'आगोका फूलहरू हुन् आगोका फूलहरू होइनन्' भन्ने ग्रन्थको लागि त्यसका रचयिता श्री ईश्वर वल्लभलाई समर्पण गर्ने संवत् २०३० साल आश्विन १३ गते रोज ७ का दिन आयोजित समारोहमा कविवर सिद्धिचरण श्रेष्ठले दिनुभएको प्रवचन। यो प्रवचन 'नेपाली' त्रैमासिक अङ्क ५७ बाट उद्धृत गरिएको हो।]*

सम्माननीया रानीसाहेब, आदरणीय विद्वद्वर्ग तथा अरू महिला तथा सज्जनवर्ग !

मदन पुरस्कारको आजको विषयमा पूर्ववक्ता समज्यूले धेरै कुरा व्यक्त गर्नुभएको थियो तैपनि दुईचार तथ्य कुराहरू यहाँ म पनि थप्छु। मलाई मदन पुरस्कार गुठीप्रति भन्ना साथै एउटा बढो श्रद्धा र भक्तिको भावना उद्भव हुन्छ। रानीसाहेबबाट आफ्नो पतिको निम्ति यो महान् काम गरिबक्सिएको हो र आफ्नो पतिको निम्ति एउटा पतिव्रता स्त्रीले गर्ने सबैभन्दा ठूलो काम यही हो जस्तो लाग्दछ। पहिलेका नारीहरूले सती जाने अथवा अरू किसिमका काम गर्ने जो चलन थियो त्यस्तै किसिमको यो पनि काम हो भन्ने मलाई लाग्दछ। रानीसाहेबले नेपाली लेखकहरूको निम्ति र नेपाली भाषा-भाषीहरूको निम्ति एउटा ठूलो सहयोग पुऱ्याउनुभएको छ। र यसबाट हामी सबैले ठूलो प्रेरणा र उत्साह पाइरहेका छौं। यसको लागि हजूरलाई हामी सबै लेखकहरूका तर्फबाट धन्यवाद प्रदान नगरी रहन सक्दैनौं। आजको पुरस्कारको विषयमा र पुरस्कार जसले पाउनुभयो ईश्वरवल्लभजीको विषयमा म पनि हजुरमा केही निवेदन चढाउँदछु। ईश्वरवल्लभजीको यो 'आगोका फूलहरू हुन् आगोका फूलहरू होइनन्' भन्ने किताब मैले पनि पढें र उहाँले यसमा पुरस्कार विजय गर्नुभएकोमा मलाई अति हर्ष र खुसी लागेको छ र यहाँका निर्णायक मण्डलीले पनि उहाँ जस्तो हाम्रो नेपाली साहित्यको एउटा सशक्त र नौलो किसिमको लेखकलाई प्रोत्साहन दिनुभएर बढो राम्रो काम गर्नुभएको जस्तो मलाई लागेको छ। ईश्वर वल्लभजीलाई म राम्ररी चिन्दछु। उहाँको जन्म भन्दा अगाडि उहाँको पिताजी मेरा एक मित्र हुनुहुन्थ्यो। उहाँको मातासित पनि मेरो परिचय भएको हुनाले उहाँको जन्म

नहुँदैदेखि नै मेरो उहाँसित परिचय छ भने पनि हुन्छ। उहाँको जीवनमा जुन दुःखद् घटना घट्यो त्यसैले उहाँलाई यस्तो किसिमको हाम्रो नेपाली साहित्यको एउटा सशक्त कविको रूपमा ल्याएको देख्दा मलाई कहिलेकाहीँ शेलीको 'दुःखको गीत सबभन्दा मीठो हुन्छ' भन्ने कुरा साँचो हो कि जस्तो लाग्दछ। ईश्वरवल्लभजीलाई शेक्सपियरको ह्यामलेट जस्तो सम्झन्छु। ह्यामलेटमा जसरी पिताको हत्याको निम्ति जुन विद्रोहको आगो थियो, ईश्वरवल्लभजीमा उहाँको आमाको आत्महत्याबाट त्यो आगो बलिरहेको मैले 'आगोका फूलहरू हुन् आगोका फूलहरू होइनन्' बाट अनुभव गरेँ। र उहाँको दृष्टिले आफ्नो आमाले आत्महत्या गरेको त्यो बीभत्स दृश्य, रगतले रक्ताम्मे भएको भुइँ, रातो रगतले पोतिएको र रगत छ्यालब्याल भएको दृश्य कहिले पनि बिर्सँदैन। यो 'आगोका फूलहरू हुन् आगोका फूलहरू होइनन्' भन्ने कुरामा त्यो घटनालाई उहाँले बिसर्नु भएको जस्तो मलाई लागेन। उहाँको मनमा जहिले पनि हन्ट गरिरहने त्यही कुरा हो जस्तो भनौं मेरा मनमा लाग्दछ। र त्यस्ता व्यक्तिले संसारमा जति कुरा छन् आगाका फूलहरू हुन् भन्नबाहेक अरू के भन्ने हो, उहाँको दृष्टिमा उहाँ जस्तो व्यक्तिको निम्ति, उहाँ जस्तो कविको निम्ति, उहाँ जस्तो हृदयमा आगो बलेको मानिसका निम्ति संसारमा जति भएका छन् जति घटनाहरू छन् ती सबै आगोका फूलहरू हुन्छन् तर उहाँको विवेकले उहाँलाई आगोका फूलहरू मात्रै होइनन् यो संसार त बढो रमाइलो रहेछ त्यहाँ हामीले केही गर्नु रहेछ, यहाँ माया, ममता, करूणा जस्ता कुरा पनि छन् त्यसकारण आधा शीर्षकमा 'आगोका फूलहरू होइनन्' भनेर आफूलाई नियन्त्रित गर्नु हुन्छ। तर जे भए तापनि, जस्तै दुःख परे तापनि, जस्तै आपत परे तापनि बाँचिरहनुपर्ने यो संसार छ त्यसैमा उहाँ बाँचिरहनु भएको छ र त्यही ईश्वरवल्लभजी हो भन्ने मैले अनुभव गरेको छु। उहाँका कविताहरू पहिले रूपरेखामा निस्कन्थे, म पनि पढ्थेँ। तर त्यसबेलाभन्दा सङ्कलन रूपमा अहिले आएको सबै एकैपटक पढ्दाखेरि मलाई उहाँ ईश्वरवल्लभजीको धेरै नजिकमा पुग्न सकेको जस्तो अनुभव भयो। यसरी हाम्रो नेपाली साहित्यको निम्ति एउटा ठूलो योगदान उहाँले दिनुभएको छ। र मलाई उहाँको कुनै कविता पनि नबुझिने किसिमको छ भन्ने मलाई लागेन। उहाँ साह्रै सरल साह्रै नै सुगम र साह्रै नै बुझिने हुनुहुन्छ। ईश्वरवल्लभजीलाई चिनेपछि अन्य ती कविताहरू र रचनाहरू साह्रै नै सजिलो, धेरै कुराहरू मैले भनिरहेका जस्ता मलाई अनुभव भयो, त्यसैको निम्ति पनि यस्ता हाम्रा सशक्त कवि, सशक्त कवि मात्र नभनीकन उहाँले हाम्रो नेपाली साहित्यलाई धेरै-धेरै योगदान र अरू सहयोग गर्ने अरू रचनाहरूद्वारा पनि हामीलाई हाम्रो साहित्यलाई उत्कृष्ट तुल्याउनुहुनेछ भन्ने हामीलाई लागेको छ र म ईश्वरवल्लभजीलाई मेरो एउटा साथीको रूपमा अनुरोध गर्छु उहाँले जसरी अहिले 'आगोका फूलहरू हुन्' मा उहाँले ध्यान दिनुभएको छ त्यस्तै नै 'आगोका फूलहरू होइनन्' मा पनि ध्यान दिनुपर्छ। यस्तै किसिमको रचनाहरू म उहाँसँग अनुरोध गर्दछु। र ईश्वरवल्लभजी, तपाईंले पुरस्कार विजय गर्नुभयो त्यसको

निम्ति मैले आफैले पाएको पुरस्कारभन्दा पनि ज्यादा मलाई गौरव अनुभव भइरहेछ। मलाई हृदयदेखि साह्रै खुसी लागेको छ, यसपालिको पुरस्कार साह्रै नै 'योग्यम् योग्याय' भएको म अनुभव गरिरहेछु। म हृदयदेखि तपाईंलाई हार्दिक बधाई ज्ञापन गर्दछु। अर्को कुरा म निर्णायक मण्डलीलाई पनि जुन किसिमको अहिले निर्णय गर्नुभएको छ यसको लागि म उहाँहरूलाई धन्यवाद ज्ञापन गर्दछु। जुनसुकै पुरस्कारहरूको पनि निर्णायकहरूको निस्पक्ष र कुशल निर्णयले महत्त्व हुन जान्छ। निर्णायकहरूले केही पक्षपात गरेर अथवा निर्णायकहरू कमजोर भएर, विशेष भारतवर्षमा, मङ्गला पारितोषिक जस्ता धेरै पुरस्कारहरू, ठूला-ठूला पुरस्कारहरू सबै विफल भएर गए। कारण ती निर्णायकहरूले राम्ररी निर्णय गर्न नसकेको हुनाले त्यसो भएको हो भन्ने पनि चर्चा छ, त्यसो हुन नपाओस्। यसपालिको निर्णयमा यस किसिमका सशक्त र योग्य प्रतिभालाई यहाँहरूले छान्नुभएर जुन आजको सुवर्ण मौका हामीलाई दिनुभो त्यसको लागि यहाँ म निर्णायक मण्डलीहरूलाई धन्यवाद ज्ञापन गर्दछु। म सबै हामी लेखकहरूले यसरी भेला भएर हजुरले आफ्नो पतिको निम्ति राखिबक्सेको गुठी, लाइब्रेरीबाट हामीले पाइराखेका ठूला प्रोत्साहनबाट हामीहरू साह्रै-साह्रै नै अनुगृहित छौं। हजूरले आफ्ना पतिलाई अमर गरिबक्सेको छ भनी म रानीसाहेबमा निवेदन गर्दछु, यति भनेर म सबैलाई फेरि धन्यवाद दिएर आफ्नो छोटो वक्तव्य यहीं शेष गर्दछु।

☒ ☒ ☒